बाँकी पृष्ठ १ बाट ...

## पूँजीबजारमा...

बोर्डले संस्थागत लगानीकर्ताका रूपमा विशेष सुविधा वा वर्ग प्रयोग गर्न चाहने संस्थाले बोर्डमा दर्ता गर्नुपर्ने व्यवस्था पनि प्रस्ताव गरेको छ । दर्ताका क्रममा संस्थाको वित्तीय विवरण, लगानी नीति, लगानी समिति, जोखिम व्यवस्थापन प्रणाली, आन्तरिक नियन्त्रण र स्वार्थको द्वन्द्व व्यवस्थापनसम्बन्धी विवरण पेश गर्नुपर्ने व्यवस्था बोर्डले राखेको छ ।

स्टक ब्रोकर एसोसिएसन अफ नेपालका पूर्वअध्यक्ष धर्मराज सापकोटाले अहिले संस्थागत लगानीकर्तालाई वर्गीकरण गर्नुभन्दा पनि पूँजी बजारमा उनीहरूको सहभागिता बढाउनु मुख्य आवश्यकता रहेको बताए । उनका अनुसार संस्थागत लगानीकर्ता बजारमा प्रवेश गर्न इच्छुक भए पनि स्पष्ट कानूनी व्यवस्था नहुँदा सहज रूपमा कारोबार गर्न सक्ने अवस्था छैन । त्यसैले संस्थागत लगानीकर्तालाई विभिन्न वर्गमा विभाजन गर्नुभन्दा उनीहरूले सहज रूपमा कारोबार गर्न पाउने गरी आवश्यक कानूनी व्यवस्था गर्नुपर्ने उनको भनाइ छ ।

### लगानी विविधीकरणमा जोड

प्रस्तावित नीतिले संस्थागत लगानीकर्ताको लगानीलाई बैंक निक्षेपमा मात्रै केन्द्रित नराखी विभिन्न वित्तीय उपकरणमा विस्तार गर्न प्रोत्साहन गर्ने लक्ष्य राखेको छ । यसका लागि सरकारी धितोपत्र, बैंक निक्षेप, संस्थागत ऋणपत्र, सूचीकृत धितोपत्र, सामूहिक लगानी कोष, पूर्वाधार तथा परियोजना धितोपत्र र साना तथा मझौला उद्यम क्षेत्रमा निश्चित प्रतिशतसम्म लगानी गर्नुपर्ने प्रस्ताव गरिएको छ ।

### स्वार्थको द्वन्द्व व्यवस्थापन अनिवार्य

प्रत्येक संस्थागत लगानीकर्ताले लगानीको उद्देश्य, लगानी अवधि, जोखिम वहन क्षमता, सम्पत्ति बाँडफाँट, क्षेत्रगत लगानी सीमा, तरलता आवश्यकता र नोक्सानी नियन्त्रणसम्बन्धी स्पष्ट नीति बनाउनुपर्ने प्रस्ताव बोर्डको छ। यसका अतिरिक्त संस्थागत लगानीकर्ताले स्वार्थको द्वन्द्व व्यवस्थापन, जिम्मेवार स्वामित्व, भित्री कारोबार नियन्त्रण र लगानीसम्बन्धी सूचना प्रवाहलाई प्रभावकारी बनाउनुपर्नेछ । ठूला संस्थागत लगानीकर्ताको कारोबार तथा स्वामित्वको नियमित अनुगमनका लागि केन्द्रीकृत प्रतिवेदन तथा निगरानी प्रणाली स्थापना गर्ने प्रस्ताव पनि गरिएको छ ।

संस्थागत लगानीकर्ताले लिखित स्वार्थको द्वन्द्व व्यवस्थापन नीति लागू गर्नुपर्नेछ । संस्थागत लगानीकर्ताभित्र लगानी कार्य र व्यावसायिक कार्यबीच प्रभावकारी आन्तरिक सूचना पृथकीकरण व्यवस्था कायम गर्नुपर्नेछ । विशेषगरी बैंक तथा बीमा कम्पनीमा कर्जा विभाग, प्रत्याभूति विभाग, लगानी विभाग, अनुसन्धान विभाग र ट्रेजरी विभागले महत्त्वपूर्ण अप्रकाशित सूचनाको अनधिकृत प्रवाह रोक्नुपर्ने प्रस्ताव बोर्डले गरेको छ । संस्थागत लगानीकर्ताका सञ्चालक, उच्च व्यवस्थापक, लगानी समिति, पोर्टफोलियो व्यवस्थापक, विश्लेषक, डिलर, अनुसन्धानकर्ताले प्राप्त गरेको अप्रकाशित मूल्य संवेदनशील सूचनाको आधारमा व्यक्तिगत कारोबार गर्न नपाउने प्रस्ताव गरिएको छ । प्रत्येक संस्थागत लगानीकर्ताले व्यक्तिगत खाताबाट धितोपत्र कारोबारसम्बन्धी नीति लागू गर्नुपर्नेछ ।

### साना तथा मझौला उद्यममा संस्थागत सहभागितालाई प्रोत्साहन

साना तथा मझौला उद्यमको धितोपत्र बजारमा संस्थागत लगानीकर्ताको सहभागिता प्रोत्साहन गर्ने प्रस्ताव गरिएको छ । साना तथा मझौला उद्यमलाई आवश्यक पूँजी जुटाउन सहज बनाउने उद्देश्यले यस्तो उद्यमका लागि छुट्टै लगानी प्लेटफर्ममा संस्थागत लगानीकर्ताको सहभागिता बढाउने प्रस्ताव गरिएको छ । एउटै उद्यममा लगानी केन्द्रित गर्दा जोखिम बढ्न सक्ने भएकाले विभिन्न उद्यममा लगानी गर्ने विविधीकृत कोष तथा सामूहिक लगानी माध्यमलाई प्राथमिकता दिइनेछ । यसबाट संस्थागत लगानीकर्ताको पूँजी साना तथा मझौला उद्यमसम्म पुऱ्याउन सहयोग पुग्ने अपेक्षा गरिएको छ । यसबाट नयाँ तथा विस्तारको चरणमा रहेका व्यवसायलाई पूँजी जुटाउन सहयोग पुग्ने अपेक्षा बोर्डले गरेको छ ।

### बीमा कम्पनीको प्रकृति अनुसार लगानीसम्बन्धी छुट्टाछुट्टै व्यवस्था

बीमा कम्पनीको प्रकृति र दायित्वअनुसार लगानीसम्बन्धी छुट्टाछुट्टै व्यवस्था गर्ने प्रस्ताव गरिएको छ। जीवन बीमा कम्पनीलाई दीर्घकालीन लगानीमा प्राथमिकता दिन सक्ने व्यवस्था गरिनेछ भने निर्जीवन बीमा कम्पनीलाई दाबी भुक्तानीका लागि आवश्यक तरलता कायम राख्न सकिने धितोपत्रमा लगानी गर्न प्रोत्साहन गरिनेछ । पुनर्बीमा कम्पनीका हकमा भने ठूलो दाबी भुक्तानीको जोखिमलाई ध्यानमा राख्दै सुरक्षित तथा सतर्क लगानी रणनीति अपनाउने प्रस्ताव छ ।

### बजारमा ऋणपत्र बजार र बजार निर्मातालाई प्राथमिकता

प्रस्तावित नीतिले संस्थागत लगानीकर्ताको सहभागिता शेयरमा मात्रै सीमित नराखी सरकारी धितोपत्र, संस्थागत ऋणपत्र, पूर्वाधार ऋणपत्र, हरित ऋणपत्र, दिगो विकाससँग सम्बन्धित ऋणपत्र तथा स्थानीय तहका ऋणपत्रसम्म विस्तार गर्ने लक्ष्य राखेको छ । त्यस्तै नीतिमा संस्थागत लगानीकर्तालाई बजार निर्माताका रूपमा विकास गर्ने, संस्थागत कारोबारलाई व्यवस्थित बनाउने र धितोपत्र वित्तीय सेवामा उनीहरूको सहभागिता बढाउने विषय समेत समेटिएका छन् । यसका लागि बोर्ड, नेपाल राष्ट्र बैंक, नेपाल बीमा प्राधिकरण, नेपाल स्टक एक्सचेन्ज र सिडिएस एन्ड क्लियरिङ लिमिटेडबीच नियामकीय समन्वय आवश्यक हुने प्रस्ताव गरिएको छ ।

## पढ्न विदेश...

सरकारको तथ्यांकले पनि विदेश अध्ययनका लागि शिक्षा मन्त्रालयबाट नो अब्जेक्सन सर्टिफिकेट (एनओसी) लिने विद्यार्थीको संख्या घटेको देखाउँछ । अघिल्लो आर्थिक वर्षमा १ लाख २३ हजार विद्यार्थीले एनओसी लिएकोमा गत आर्थिक वर्ष २०८२/८३ मा यो संख्या घटेर १ लाख १४ हजार ९२४ मा सीमित भएको छ । यसअनुसार एक वर्षमा एनओसी लिने विद्यार्थीको संख्या ८ हजार ७६ अर्थात् करीब ६ दशमलव ६ प्रतिशतले घटेको छ ।

एनओसी लिने विद्यार्थीको संख्या र विदेश अध्ययनका लागि बाहिरिने रकम दुवै घट्दा विदेश अध्ययनसम्बन्धी आर्थिक गतिविधिमा संकुचन देखिएको छ । नेपाली विद्यार्थीका प्रमुख गन्तव्य मुलुकले अन्तरराष्ट्रिय विद्यार्थीलाई प्रवेश दिने, बस्न दिने र परिवारका सदस्य लैजान दिने व्यवस्थामा कडाइ गर्दै लगेका छन् । यसले विदेश अध्ययनको योजना बनाउने नेपाली विद्यार्थीको निर्णयमा प्रभाव पार्न सक्ने शैक्षिक परामर्श व्यवसायीहरूको भनाइ छ ।

### शोधनान्तर बचत उच्च

राष्ट्र बैंकका अनुसार देशमा भित्रिएको र बाहिरिएको मुद्राको अन्तर देखाउने शोधनान्तर स्थिति पनि १ खर्ब ८७ अर्ब ६८ करोड रुपैयाँ बचतमा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो बचत १ खर्ब ५३ अर्ब ६८ करोड रुपैयाँ थियो । २०८३ भदौसम्म चालू खाता १ खर्ब ६९ अर्ब ४ करोड रुपैयाँ बचतमा छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो बचत १ खर्ब ३० अर्ब ९७ करोड रुपैयाँ थियो । यस अवधिमा नेपालमा विदेशी लगानी पनि बढेको छ । प्रत्यक्ष वैदेशिक लगानीअन्तर्गत शेयरमा गरिएको लगानीमार्फत २ अर्ब ९८ करोड रुपैयाँ भित्रिएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो रकम १ अर्ब २७ करोड रुपैयाँ मात्रै थियो । तर विकास तथा पूँजी निर्माणसँग सम्बन्धित खुद पूँजीगत ट्रान्सफर भने अघिल्लो वर्षको २ अर्ब २० करोड रुपैयाँबाट घटेर १ अर्ब ५३ करोड रुपैयाँमा सीमित भएको छ ।

आर्थिक वर्ष २०८३/८४ को दुई महिनामा विप्रेषण आप्रवाह २३ दशमलव ९ प्रतिशतले वृद्धि भई ४ खर्ब ३६ अर्ब ३६ करोड रुपैयाँ पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह ३३ दशमलव १ प्रतिशतले बढेको थियो । चालू आर्थिक वर्षको भदौमा मात्र २ खर्ब २१ अर्ब रेमिटचान्स भित्रिएको छ ।

योसँगै देशको विदेशी मुद्रा सञ्चिति पनि ४० खर्ब ६५ अर्ब ७८ करोड रुपैयाँ बराबर पुगेको छ । अमेरिकी डलरमा यस्तो सञ्चिति २६ अर्ब ४८ करोड पुगेको छ । यो सञ्चितिले चालू आर्थिक वर्षको दुई महिनासम्मको आयातलाई आधार मान्दा २० दशमलव ९ महिनाको वस्तु आयात र १७ दशमलव ८ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त हुने राष्ट्र बैंकले जनाएको छ ।

राष्ट्र बैंकले मौद्रिक नीतिमा सात महिना आयातका लागि पुग्ने विदेशी मुद्रा सञ्चिति राख्ने लक्ष्य लिएको छ । विदेशी विनिमय सञ्चिति लक्ष्यभन्दा उच्च भएसँगै यसको लगानी विविधीकरणका लागि राष्ट्र बैंकले अध्ययन समेत शुरू गरेको छ । चालू आर्थिक वर्षको भदौमा महँगी वृद्धिदर (उपभोक्ता मुद्रास्फीति) ६ दशमलव ३४ प्रतिशत कायम भएको छ । साउनमा यस्तो मूल्यवृद्धि ५ दशमलव ९६ प्रतिशत थियो । गत आर्थिक वर्षको भदौमा उपभोक्ता मुद्रास्फीति जम्मा १ दशमलव ८७ प्रतिशत थियो ।

चालू आर्थिक वर्षको भदौसम्ममा बैंक, वित्तीय संस्थाको निक्षेप तथा कर्जाको विस्तार पनि सुस्त देखिएको छ । राष्ट्र बैंकका अनुसार भदौसम्ममा बैंक, वित्तीय संस्थाहरूमा रहेको निक्षेप शून्य दशमलव ९ प्रतिशत अर्थात् ७२ अर्ब ८० करोडले वृद्धि ८३ खर्ब ४९ अर्ब ७२ करोड रुपैयाँ पुगेको छ । यसैगरी कर्जा प्रवाह समेत १ दशमलव ६ प्रतिशत अर्थात् ९३ अर्ब ५२ करोडले बढेर ५९ खर्ब ५० अर्ब ५८ करोड रुपैयाँ पुगेको राष्ट्र बैंकले जनाएको छ ।

## वार्षिक पाँच...

कृषि मन्त्रालयका अनुसार प्रस्तावित युरियामा कम्तीमा ४६ प्रतिशत नाइट्रोजन हुनुपर्ने मापदण्ड तोकिएको छ। आवेदकले कारखानाको प्रस्तावित स्थान, उत्पादन क्षमता, भविष्यमा क्षमता विस्तारको योजना तथा आवश्यक विद्युत्, पानी, कच्चा पदार्थ, जग्गा र पूर्वाधारको विवरणसमेत पेश गर्नुपर्नेछ।मन्त्रालयलेलगानीकर्तासँग कारखाना निर्माणको पूँजीगत खर्च, प्रतिएकाइ उत्पादन लागत, समतुल्यीकृत उत्पादन लागत (लेभलाइज्ड कस्ट अफ प्रोडक्सन) र आयातित युरियाको औसत लागतसँगको तुलनात्मक विवरण माग गरेको छ ।

त्यसैगरी लगानीको स्रोत, पूँजीको भारित औसत लागत, अपेक्षित प्रतिफल तथा नाफा-नोक्सान बराबर हुने उत्पादन परिमाण र मूल्यसमेत प्रस्तावमा खुलाउनुपर्नेछ।कारखाना स्थापनाका लागि अनुदान, सहुलियतपूर्ण ऋण, हरित जलवायु कोष तथा अन्य जलवायु वित्त, ऋण प्रत्याभूति, हरित ऋणपत्र र कार्बन वित्तजस्ता स्रोत प्रयोग गर्न सकिने विकल्प पनि प्रस्ताव गर्न सकिनेछ ।

लगानीकर्ताले पूर्ण निजी लगानीमा आधारित वित्तीय ढाँचा प्रस्तुत गर्नसमेत पाउनेछन् । मन्त्रालयले जग्गा, विद्युत् आपूर्ति तथा विद्युत् खरीद सम्झौता, पानीको उपयोग, उत्पादन खरीदको प्रतिबद्धता, कर तथा भन्सार सुविधा, सरकारी प्रत्याभूति र अनुमतिपत्र प्राप्त गर्न सहजीकरण जस्ता विषयमा सरकारबाट आवश्यक पर्ने न्यूनतम सहयोगको विवरण पनि माग गरेको छ ।

तर सरकारी प्रत्याभूति, न्यूनतम खरीद प्रतिबद्धता, उत्पादन खरीद नगरे पनि भुक्तानी गर्नुपर्ने व्यवस्था (टेक-अर-पे), सहुलियतपूर्ण विद्युत् महशुल, कर छुट वा अन्य वित्तीय सुविधा स्वतः उपलब्ध हुने छैनन् । यस्ता विषय सम्बन्धित पक्षबीच हुने सम्झौताका आधारमा मात्र लागू हुनेछन् । नेपालमा वार्षिक सात लाख मेट्रिक टन हाराहारी रासायनिक मल आवश्यक पर्ने अनुमान छ । वार्षिक चारदेखि साढे चार लाख मेट्रिक आयात भइरहेको सरकारी तथ्यांकले देखाउँछ ।

**हुलास फिनसर्भ हायर पर्चेज लिमिटेड**
HULAS FINSERV HIRE PURCHASE LTD.
नेपाल राष्ट्र बैंकबाट हायर पर्चेज कर्जा लगानी गर्न इजाजत पत्र प्राप्त संस्था
केन्द्रिय कार्यालय, त्रिपुरेश्वर-११, काठमाण्डौं
फोन नं. ०१-५९७०७५९

**बाह्य लेखापरीक्षक (Statutory Auditor) को दरखास्त आह्वान सम्बन्धी सूचना**

यस हुलास फिनसर्भ हायर पर्चेज लिमिटेडको आ.व. २०८३/८४ को लागि बाह्य लेखापरीक्षक (Statutory Auditor) नियुक्ति गर्नुपर्ने भएकोले यो दरखास्त आह्वान गरिएको छ । ईच्छुक लेखापरीक्षकको कार्य गर्न अनुमति प्राप्त संस्थाले मिति २०८३ कार्तिक १३ गते कार्यालय समय भित्र आफ्नो दरखास्त दिनु पर्नेछ । बाह्य लेखापरीक्षक (Statutory Auditor) को योग्यता, अनुभव र छनौट प्रक्रिया बारे विस्तृत जानकारीको लागि यस कम्पनीको वेबसाइटः www.hulasfinserv.com मा हेरी जानकारी लिनुहुन अनुरोध छ ।

**प्रताप अधिकारी**
सदस्य-सचिव, लेखापरीक्षण समिति
हुलास फिनसर्भ हायर पर्चेज लि.

**सांग्रिला डेभलपमेन्ट बैंक लि.**
**Shangri-la Development Bank Ltd.**
स्थानीय विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था)
केन्द्रीय कार्यालयः
बालुवाटार, काठमाडौं
फोन नं.: ०१-४५२१८६१/६२

**Interest Rates (Per Annum)**
Effective from Kartik 01, 2083 (October 18, 2026)

| DEPOSIT | | | | LOAN (Base Rate+ Premium Rate) | |
|---|---|---|---|---|---|
| PRODUCT TYPE | MINIMUM BALANCE | INTEREST RATE | INTEREST POSTING FREQUENCY | INDIVIDUAL LOAN | PREMIUM RATE |
| Loan Operating, Current A/c | 0 to 5000 | - | NA | Personal OD | Up to 3.99% |
| CALL DEPOSIT | | | | Easy Term | Up to 3.99% |
| Co-Ops Call Account | 1000 | Up to 1.37% | Quarterly | Home Loan | Up to 3.99% |
| BFI Call Account | 5000 | Up to 1.37% | Quarterly | Hire Purchase Loan | Up to 3.99% |
| Corporate Call A/C | 100 | Up to 1.37% | Quarterly | Share/Security Loan | Up to 3.99% |
| Call Account Others | 100 | Up to 1.37% | Quarterly | Guarantee Loan | Up to 3.99% |
| Special Call A/c | 5000 | Up to 1.37% | Quarterly | Gold And Silver Loan | Up to 3.99% |
| SAVING DEPOSIT | | | | Foreign Employment | Up to 3.99% |
| Staff Saving Account | - | 2.75% | Quarterly | Education Loan | Up to 3.99% |
| Normal Saving Account | - | 2.75% | Quarterly | Auto Loan - Private | Up to 3.99% |
| Bal Bhabishya Bachat Khata | 100 | 2.75% | Quarterly | Personal Demand Loan | Up to 3.99% |
| Pewa Bachat Khata | 100 | 2.75% | Quarterly | Loan Against FDR | Coupon Rate + 3% |
| Nari Bachat Khata | 100 | 2.75% | Monthly | CORPORATE LOAN | |
| Jestha Nagarik Bachat Khata | 500 | 2.75% | Monthly | Business OD | Up to 3.99% |
| Gurkha Saving Account | 500 | 2.75% | Quarterly | Term Loan | Up to 3.99% |
| Salary Saving Account | 500 | 2.75% | Quarterly | Vehicle Loan | Up to 3.99% |
| Shareholder Saving Account | 100 | 2.75% | Quarterly | SME Loan - OD | Up to 3.99% |
| Shangri-la Super Premium Bachat | 1000 | 2.75% | Quarterly | SME Loan - Term | Up to 3.99% |
| Bidhharthi Bachat Khata | - | 2.75% | Quarterly | Demand Loan | Up to 3.99% |
| Group Saving-MF Account | - | 2.75% | Quarterly | Agriculture Loan -OD | Up to 3.99% |
| Personal Saving-MF Account | - | 2.75% | Quarterly | Agriculture Loan -Term | Up to 3.99% |
| Micro Finance Saving Account | 5000 | 2.75% | Quarterly | Industry Loan - OD | Up to 3.99% |
| Karmachari Sulav Bachat Khata | - | 2.75% | Quarterly | Industry Loan - Term | Up to 3.99% |
| Recurring Account | 100 | 2.75% | Quarterly | Energy Loan - OD | Up to 3.99% |
| Samajik Surakchya Bachat Khata | - | 2.75% | Quarterly | Energy Loan - Term | Up to 3.99% |
| Shangri-la Sambriddhi Bachat Khata | 5000 | 2.75% | Monthly | Tourism Loan - OD | Up to 3.99% |
| Shangri-la Pay roll Account | - | 2.75% | Monthly | Tourism Loan - Term | Up to 3.99% |
| Shangrila Naulo Bachat Account | 5000 | 2.75% | Monthly | Real Estate Loan - OD | Up to 3.99% |
| Mero Shangri-la Bachat Khata | 5000 | 2.75% | Quarterly | Real Estate Loan - Term | Up to 3.99% |
| Shangri-la Uchhatam Bachat Khata | 5000 | 2.75% | Quarterly | Bridge Gap Loan | Up to 3.99% |
| Swornim Nari Bachat Khata | 1000 | 2.75% | Quarterly | DEPRIVED SECTOR LOAN | |
| Shangri-la Green Saving Account | 500 | 2.75% | Quarterly | | |
| Surakshit Bal Bachat Khata | 1000 | 2.75% | Quarterly | | |
| Buddha Bhumi Bachat Khata | 5000 | 2.75% | Quarterly | Deprived - General | Up to 4.99% |
| Sunaulo Remittance Account | 100 | 3.75% | Quarterly | Seasonal Loan | Up to 4.99% |
| FIXED DEPOSIT | | | | Micro Enterprise | Up to 4.99% |
| Individual | | | | Low - Cost Housing | Up to 4.99% |
| Period | Interest Rate (Monthly/Quarterly/Maturity) | | | Deprived Loan- Other | Up to 4.99% |
| 3 Months to 1 Year | 2.75% | | | Micro Hydro | Up to 4.99% |
| Above 1 Year to 3 Years | 3.00% | | | Wholesale Lending | Up to 2% |
| Above 3 Years to 5 Years | 3.50% | | | Consortium Loan | As per Agreement |
| Above 5 Years | 4.28% | | | FIXED RATE FOR PERSONAL TERM LOAN | |
| Remittance FD | 1% additional on above FD interest rates as per time period. | | | Up to 7 Years | 10.99% |
| Institutional | | | | Deprived Sector Loans: In case of deprived sector loans to Senior Citizens, Dalit, Mukta Kamaiya, Baadi, Haliya, War Victim, Single Women and differently abled people, Interest rate below 1% than the published rate shall be applicable. | |
| Period | Interest Rate (Quarterly/ Maturity) | | | | |
| 6 Months and Above | 2.75% | | | | |
| As of Bhadra End 2083 | | | | Base Rate: 5.62% | |
| Note: Interest Rate of Loans and Advances shall be Average Base Rate Plus Premium Rate. | | | | | |

www.shangrilabank.com

MANJUSHREE FINANCE LIMITED
मञ्जुश्री फाईनान्स लिमिटेड
(नेपाल राष्ट बैक बाट ग बर्गको इजाजतपत्र प्राप्त संस्था)

कर्पोरेट कार्यालय थापाथली, काठमाण्डौं
जि.पि.ओ. बक्सः २३१७०, काठमाण्डौं, नेपाल
फोन नं. ९७७-१-४७९२५१७, फ्याक्स : ९७७-१-४७९२५१७
Web: www.manjushreefinance.com.np
Email: info@manjushreefinance.com.np

**उन्नाईसौं वार्षिक साधारण सभा बस्ने सम्बन्धी सूचना**

(प्रथम पटक प्रकाशित मितिः २०८३/०६/३०)

मिति २०८३ साल आश्विन महिना २९ गते बिहीबार बसेको सञ्चालक समितिको ३३९औं बैठकको निर्णय बमोजिम यस मञ्जुश्री फाईनान्स लिमिटेडको उन्नाईसौं वार्षिक साधारण सभा निम्न लिखित विषयहरु उपर छलफल गरि निर्णय गर्नका लागि निम्न मिति, समय र स्थानमा बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि अनुरोध गर्दै यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थानः**

**मिति :** **२०८३ कार्तिक २० गते शुक्रबार (तदनुसार नोभेम्वर ०६, २०२६)**
**समय :** **विहान ११:०० बजे**
**स्थानः** **थापागाउँ ब्याङ्केट, थापागाउँ, नयाँबानेश्वर, काठमाण्डौ ।**

**उन्नाईसौं वार्षिक साधारण सभामा छलफलका लागि प्रस्तुत गरिने प्रस्तावहरू :**

**(क) सामान्य प्रस्ताव :**

१. आर्थिक वर्ष २०८२/०८३ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. लेखापरिक्षकको प्रतिवेदन सहितको २०८३ आषाढ मसान्तसम्मको वासलात एवं आ.व. २०८२/०८३ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु उपर छलफल गरी पारित गर्ने ।
३. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम यस संस्थाको लेखापरिक्षण समितीको सिफारिस बमोजिम आर्थिक वर्ष २०८३/०८४ को लागि बाह्य लेखापरिक्षक नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।
४. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०८२/०८३ को वितरण योग्य रकमबाट यस संस्थाको हाल कायम चुक्ता पूँजी रु. १,३५,१५,५२,८४८।८० (अक्षेरेपी एक अर्ब पैंतिस करोड पन्ध्र लाख बाउन्न हजार आठ सय अड्चालिस र पैसा असी मात्र) को १५% ले हुन आउने रकम रु. २०,२७,३२,९२७।३२ (अक्षेरेपी बिस करोड सत्ताईस लाख बत्तिस हजार नौ सय सत्ताईस र पैसा बत्तिस मात्र) बरावर को नगद लाभांश (बोनस शेयर तथा नगद लाभांशको कर प्रयोजनको लागि समेत) वितरण गर्न स्वीकृति प्रदान गर्ने ।

**(ख) विशेष प्रस्तावहरू :**

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम २०८३ साल आषढ मसान्त सम्ममा कायम रहेको सञ्चित मुनाफाबाट यस संस्थाको हाल कायम चुक्ता पूँजी रु. १,३५,१५,५२,८४८।८० (अक्षेरेपी एक अर्ब पैंतिस करोड पन्ध्र लाख बाउन्न हजार आठ सय अड्चालिस र पैसा असी मात्र) को ५% (पाँच प्रतिशत) ले हुन आउने रकम रु. ६,७५,७७,६४२।४४ (अक्षेरेपी छ करोड पचहत्तर लाख सतहत्तर हजार छ सय बयालिस र पैसा चवालिस मात्र) बरावरको बोनस शेयर वितरण गर्न स्वीकृति प्रदान गर्ने ।
२. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम तोकिएको व्यवस्था तथा शर्तहरु सहित रु. १००/- का दरले ४० लाख इकाई अर्थात रु. ४० करोड बराबरको ८.७५ प्रतिशत लाभांस दर कायम गरी मुनाफा भएको वर्ष मात्र मुनाफा वितरण हुने अविमोच्य असञ्चिति अग्राधिकार शेयर (Perpetual Non-Cumulative Preference Share) नेपाल राष्ट्र बैंक लगायत सम्बन्धित नियमनकारी निकायको स्वीकृति प्राप्त भएका खण्डमा जारी गरी प्राथमिक पूँजी वृद्धि गर्ने प्रस्ताव पारित गर्ने ।
३. संस्थाको अधिकृत पुंजी रु. १,३६,००,००,०००।- (अक्षेरेपी एक अर्ब छत्तिस करोड मात्र) रहेकोमा सञ्चालक समितिले प्रस्ताव गरे बमोजिमको उल्लेखित बोनस शेयर समायोजन तथा अग्राधिकार शेयर जारी गरे पश्चात अधिकृत पुंजी रु. १,८३,००,००,०००।- (अक्षेरेपी एक अर्ब त्रियासी करोड मात्र) पुऱ्याउने प्रस्तावलाई पारित गर्ने ।
४. विशेष प्रस्ताव (प्रस्ताव नं. १ र २) पारित भए अनुसार हुने गरी जारी तथा चुक्ता पूँजी वृद्धि गर्न वित्तीय संस्थाको प्रबन्धपत्रमा आवश्यक संशोधन गर्ने तथा नियमावलीमा रहेको विद्यमान व्यवस्थामा आवश्यक संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।
५. नेपाल राष्ट्र बैकको स्वीकृत लिई अध्यक्ष तथा सञ्चालकहरुको बैठक भत्ता तथा सुविधालाई थप गरी यस वित्तीय संस्थाको नियमावलीको नियम २९(१)(ख) लाई संशोधन गर्ने ।
६. वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीको संशोधन, अग्राधिकार शेयर जारी/दर्ता/सूचीकरण गर्ने लगायतका सोसँग सम्बन्धित कार्यहरुको अनुमति/स्वीकृति/अभिलेख/अद्यावधिक आदी गर्ने क्रममा नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड लगायतका नियमनकारी निकायहरुबाट प्राप्त हुन आउने निर्देशन वा सुझाव बमोजिम परिवर्तन, परिमार्जन, भाषा तथा अन्य सुधार वा थपघट लगायत आवश्यक संशोधन गर्नु पर्ने भएमा त्यस्तो परिवर्तन, परिमार्जन, भाषा तथा अन्य सुधार वा थपघट लगायत आवश्यक संशोधन गर्नका लागि सञ्चालक समिति वा सञ्चालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रत्यायोजन गर्ने ।

**(ग) विविध :**

सञ्चालक समितिको आज्ञाले
(कम्पनी सचिव)

**उन्नाईसौं वार्षिक साधारण सभा सम्बन्धी थप जानकारी**

१. यस संस्थाको उन्नाईसौं वार्षिक साधारण सभा प्रयोजनका लागि यस संस्थाको शेयर दाखिल खारेजको काम २०८३ साल कार्तिक महिना ११ गतेका दिन बन्द रहनेछ । नेपाल स्टक एक्सचेन्ज लिमिटेड तथा सिडिएस एण्ड क्लियरिङ लिमिटेडमा मिति २०८३/०७/११ गते भन्दा अघिल्लो दिनसम्म कारोबार भई, शेयर खरिद गरी आफ्नो नाममा शेयर नामसारी भई आएका शेयरधनीहरु मात्र सो उन्नाईसौं वार्षिक साधारण सभामा भाग लिन/बोनस तथा नगद लाभांश प्राप्त गर्न योग्य हुने छन् ।
२. यस संस्थाको उन्नाईसौं वार्षिक साधारण सभामा भाग लिन प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले सभा शुरु हुने समय भन्दा कम्तीमा ४८ घण्टा अगावै यस संस्थाको शेयर रजिष्ट्रार एन.आई.एम.बि.एस. क्यापिटल लिमिटेडको कार्यालय, काठमाण्डौ वा यस संस्थाको रजिष्टार्ड कार्यालय, काठमाण्डौमा प्रोक्सी फाराम दर्ता गरी सक्नु पर्नेछ । उन्नाईसौं वार्षिक साधारण सभामा भाग लिन प्रतिनिधि नियुक्त गरी सकेपछि उक्त प्रतिनिधि बदर गरी अर्कै मुकरर गर्ने भएमा सो को लिखित सूचना समेत तत्काल यस संस्थाको शेयर रजिष्ट्रार एन.आई.एम.बि.एस. क्यापिटल लिमिटेडको कार्यालय, काठमाण्डौ वा यस संस्थाको रजिष्टर्ड कार्यालय, काठमाण्डौमा दर्ता गरी सक्नु पर्नेछ ।
३. यस संस्थाको उन्नाईसौं वार्षिक साधारण सभामा भाग लिन प्रतिनिधि (प्रोक्सी) नियुक्त गरि सकेपछि सम्बन्धित शेयरधनी सभामा उपस्थित हुनु भएमा शेयरधनीको प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुनेछ ।
४. नाबालक तथा अशक्त शेयरधनीहरुको तर्फबाट यस संस्थाको शेयर लगत किताबमा संरक्षकको रुपमा नामदर्ता भएको व्यक्तिले उन्नाईसौं वार्षिक साधारण सभामा भाग लिन वा प्रतिनिधि (प्रोक्सी) तोक्न सक्नु हुनेछ ।
५. शेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिरी पुस्तिका उन्नाईसौं वार्षिक साधारण सभा हुने दिन १० बजे देखि सभा चालु रहेसम्म साधारण सभा स्थलमा खुल्ला राखिनेछ ।
६. यस संस्थाको उन्नाईसौं वार्षिक साधारण सभाका सम्बन्धमा अन्य आवश्यक जानकारीका लागि यस संस्थाको रजिष्टर्ड कार्यालय, काठमाण्डौ मा सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ ।